## कमलामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सिन्धुली

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**(सूचना प्रकाशित मिति २०७८/६/०८)**

यस कार्यालयबाट मिति 17 August 2021 (मिति १ भदौ २०७८) मा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमको कार्यको लागी देहाय बमोजिमको बोलपत्रदाताको उल्लेखित कबोल अंक सबैभन्दा कम रहेको र निजको बोलपत्र सारभुत रुपमा सफल देखिन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू. अ. कर र P.S. समेत) रु. |
|---|---|---|---|---|
| १ | KMU/SIN/Work/NCB/ 01/078/079 | Slab culvert construction work, Kamalamai Municipality-5, Ranikhola, Sindhuli | Bir Bir Ganesh Construction Pvt. Ltd., Kathmandu Metro.-5, Bhaktagalli | 15,54,270.96 |
| २ | KMU/SIN/Work/NCB/ 02/078/079 | Safe House Compound Wall Construction, Kamalamai Municipality-7, Majhitar | Dube Dhanamana Nirmana Sewa, Kamalamai Mun.-2, Sindhuli | 23,22,083.93 |
| ३ | KMU/SIN/Work/NCB/ 03/078/079 | Ekpakhe-Chhatiwan-Sikre-Tinpatan R.M. Road Construction Work, Kamalamai Municipality-7 & 11, Sindhuli | GSC ShreeKrishna /Dahal Nirman Sewa Jv, Kamalamai Mun.-6, Sindhuli | 89,98,721.48 |
| ४ | KMU/SIN/Work/NCB/ 04/078/079 | Dobhantar-Dandatole Black Topped Road Construction, Kamalamai Municipality-10, Sindhuli | Paudel Consultant And Construction Company Pvt. Ltd, Kamalamai Mun.-9, Sindhuli | 97,05,573.72 |
| ५ | KMU/SIN/Work/NCB/ 05/078/079 | Keware-Kerabari Road Upgrading work, Kamalamai Municipality-2,4,7, Sindhuli | Patandevi Nirman Sewa, Tinpatan R.Mun.-2, Sindhuli | 84,10,1786.52 |

**प्रमुख प्रशासकिय अधिकृत**



## Birtamode Municipality
## Office of Municipal Executive
## Birtamode, Jhapa

### Invitation for Online Bids

**Date of Publication: - 2078/06/08**

1. Birtamode Municipality has allocated funds towards the cost of construction of Asphalt Concrete roads to apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa invites electronic bids from eligible bidders for the construction of Panchambadi-Gokul Joshi Marga-Puja Ply- Sundarchowk Road, Btm-2 & Taranath Chowk-Pattharbhitta Road, Btm-10 under NCB Single Stage two envelope bidding procedures and Construction of Suryanagar-Gokul Joshi Road at Btm-2 & Birtabajar-Ghagra Road at Btm-3 under NCB Single Stage One Envelope bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents mentioned table below in the bank account as specified below :-
   a. Name of the Bank: **NIC Asia Bank**
   b. Name of Office : **Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa**
   c. Office Code No. : **801011205**
   d. Office Account no.: **246CA50018870002 (Sanchit Kosh Khata)**
5. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before **2078/07/07** at 12 : 00 Hours.
6. Pre-bid meeting shall be held at Birtamode Municipality Office, Office of Municipal Executive, Birtamode, Jhapa at **2078/06/25** at 14 : 00 Hours.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on **2078/07/07** at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa. Bids must be valid for a period of **90** days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as mention in table below which shall be valid for **30** days beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash should be deposited in the following bank account :
   a) Name of the bank **:- NIC Asia Bank**
   b) Name of Office **:- Birtamode Municipality, Office of Municipal Executive**
   c) Office Code No. **:- 801011205**
   d) Office Account No. **:- 246CA50018870005 (Dharauti Khata)**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Detail of works are as given below :-

| S n. | Contract Identification No. | Description of Works | Bid Security Amount (NRs.) | Bid Document Price (NRs) | Minimum Average Annual Construction Turnover of the best 3 Years within the last 10 years | Minimum work experience of Similar size and nature | Estimated Amount (Without VAT ) (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/ROADS/ NCB-02/078-79 | Panchambadi-Gokul Joshi Marga-Puja Ply-Sundar Chowk Road Ashphalt Concrete Works, BTM -2 | 8,70,000.00 | 5,000.00 | 4,60,00,000.00 | 2,45,00,000.00 | - |
| 2 | BTMMUN/ ROADS /NCB-03/078-79 | Taranath Chowk-Pattharbhitta Chowk Road Ashphalt Concrete Works, BTM -10 | 6,40,000.00 | 5,000.00 | 3,40,00,000.00 | 1,80,00,000.00 | - |
| 3 | BTMMUN/ ROADS /NCB-04/078-79 | Suryanagar-Gokul Joshi Road Ashphalt Concrete Works, BTM -2/3 | 3,20,000.00 | 3,000.00 | - | - | 10517219.93 |
| 4 | BTMMUN/ ROADS /NCB-05/078-79 | Birtabajar-Ghagra Road Ashphalt Concrete Works, BTM -3 | 3,05,000.00 | 3,000.00 | - | - | 10411816.01 |

**Chief Administrative Officer**
**Birtamode Municipality Birtamode, Jhapa**


# ईपीएल खेल्न काठमाडौंमा शाहिद अफ्रिदी

**हिमालय टाइम्स**
**काठमाडौं, ७ असोज**

विश्व क्रिकेटका महान् हस्ती तथा पाकिस्तानका पूर्वस्टार अलराउन्डर शाहिद अफ्रिदी काठमाडौं आइपुग्नुभएको छ । शनिबारबाट हुने चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (ईपीएल) मा सहभागिताका लागि पाकिस्तानी पूर्वकप्तान अफ्रिदी काठमाडौं आइपुग्नुभएको हो ।



प्रतियोगिताको टोली काठमाडौं किंग्स इलाभेनमा अनुबन्ध हुनुभएका अफ्रिदी बिहीबार अपराह्न ३ बजे त्रिभुवन विमानस्थलमा ओर्लिनुभएको थियो । उहाँलाई क्लबका पदाधिकारीहरूले स्वागत गर्नुभएको थियो । होटल सोल्टीमा उहाँको बसोबासको व्यवस्थापन गरिएको छ ।

होटलमा नै काठमाडौंले शुक्रबार एक पत्रकार सम्मेलनको आयोजना गर्दै अफ्रिदीसँग साक्षात्कार गराउनेछ । ४१ वर्षीय अफ्रिदीले दुई खेल खेल्नुहुनेछ । अफ्रिदीले ललितपुर प्याट्रियट्ससँगको उद्घाटन खेल र विराटनगर वारियर्ससँगको खेलमा सहभागिता जनाउने कार्यक्रम छ । उद्घाटन खेल शनिबार सबा १२ बजे कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ । दोस्रो खेल सोमबार साढे ९ बजे हुनेछ ।

शुक्रबार अपराह्न राष्ट्रपति विद्यादेवी भण्डारीसँग शीतल निवासमा भेटवार्ता गर्नेसमेत उहाँको कार्यक्रम छ । भेटका क्रममा राष्ट्रपति भण्डारीले प्रतियोगिताका लागि शुभकामना दिने कार्यक्रम रहेको छ । ईपीएल आयोजकसँगै सहभागी टोलीले पनि राष्ट्रपतिसँग भेट गर्ने तय भएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

पाँच दिन काठमाडौंमा रहने अफ्रिदीले माउन्टेन फ्लाइटसमेत गर्नुहुनेछ । यस्तै अफ्रिदीले २६ सेप्टेम्बरमा माउन्टेन फ्लाइटदेखि दराज, शिवम् सिमेन्ट र बजाज पल्सरका विभिन्न कार्यक्रममा उपस्थित भई २७ सेप्टेम्बरमा पाकिस्तान फर्कने कार्यक्रम छ ।

अफ्रिदी ठूला सर्ट र स्पिन बलिङका लागि विश्व क्रिकेटमा चर्चित हुनुहुन्छ । अफ्रिदीले पाकिस्तानबाट २७ टेस्ट, ३९८ ओडीआई, ९९ टी-२० अन्तर्राष्ट्रिय र ३२६ टी-२० खेल खेल्नुभएको छ । सन् २००६ मा इंग्ल्यान्डविरुद्ध डेब्यु गर्नुभएका अफ्रिदीले टी-२० मा एक हजार ४१६ रन बनाउँदा ९८ विकेट लिनुभएको छ ।

ओडीआईमा उहाँले १९९६ मा श्रीलंकाविरुद्ध ३७ बलमा शतक प्रहार गर्नुभएको थियो । सो क्रममा १६ वर्ष २१७ दिनका दिन शतक प्रहार गर्दै ओडीआईमा शतक प्रहार गर्ने उहाँ कान्छो खेलाडी बन्नुभएको थियो ।

यस्तै ईपीएलमा सहभागिता जनाउन अफगानिस्ताका विस्फोटक ब्याट्सम्यान मोहम्मद शाहजाद पनि काठमाडौं आइपुग्नुभएको छ । उहाँसँगै मध्यगतिका बलिङ अलराउन्डर करिम जनात पनि काठमाडौं ओर्लिनुभएको हो । दुवैजनाले चितवन टाइगर्सबाट ईपीएल खेल्नुहुनेछ ।

अफगानिस्तानले अर्को महिना संयुक्त अरब इमिरेट्स (यूएई) र ओमानमा हुने टी-२० विश्वकप खेल्न लागेको छ । उक्त टोलीमा यी दुवै खेलाडी हुनुहुन्छ । शाहजादले विस्फोटक ब्याटिङ गर्नुहुन्छ । उहाँले दुई टेस्टमा ६९, ८४ ओडीआईमा ६ शतक र १४ अर्ध शतकसहित कुल दुई हजार ७२७ तथा ६५ टी-ट्वान्टीमा एक शतकसहित एक हजार ९३६ रन बनाउनुभएको छ ।

यस्तै, २३ वर्षीय करिमले अफगानिस्तानबाट एक ओडीआई र २७ टी-२० आई खेल खेल्नुभएको छ । यस्तै, चितवनका अर्का विदेशी खेलाडी शेकुगे प्रसन्न यसअघि नै नेपाल आइसक्नुभएको छ । त्यसबाहेक मलेसिया स्टार ब्याट्सम्यान विरनदीप सिंहसमेत एक दुई दिनमा आइपुग्ने चितवनले जनाएको छ ।

चितवन टाइगर्स टोलीमा सोमपाल कामी (कप्तान) सँगै कमलसिंह ऐरी, शाहब आलम, इशान पाण्डे, दिलिप नाथ, सागर ढकाल, राजेश पुलामी मगर, हासिम अन्सारी, भीम सार्की, खडकबहादुर बोहरा, सन्दीप सुनार, देव खनाल, क्रिजन गुरुङ, गौतम केसी, शेकुगे प्रसन्न (श्रीलंका), मोहम्मद शाहजाद (अफगानिस्तान), करिम जन्नत (अफगानिस्तान) र वीरनदीप सिंह (मलेसिया) रहनुभएको छ ।

यस्तै,पोखरा राइनोज टोलीमा अनुबन्ध हुनुभएका दक्षिण अफ्रिकाका रिचर्ड लेभी पनि नेपाल आइपुग्नुभएको छ । लेभीले दोस्रो सिजन पोखराबाट खेल्न लाग्नुभएको हो । चौथो संस्करणको ईपीएल क्रिकेट शनिबारबाट टीयू क्रिकेट मैदानमा सुरु हुनेछ । उद्घाटनमा साबिक विजेता ललितपुर प्याट्रीयट्सले काठमाडौं किङ्स-११ विरुद्ध खेल्नेछ ।

दक्षिण अफ्रिकाबाट टी-ट्वान्टी अन्तर्राष्ट्रिय खेलिसक्नुभएका लेभीले इन्डियन प्रिमियर लिगसमेत खेलिसक्नुभएको छ । लेभीले दक्षिण अफ्रिकाबाट १३ टी-ट्वान्टी अन्तर्राष्ट्रिय खेल खेल्नुभएको छ । उहाँले मुम्बई इन्डियन्सबाट आईपीएल खेल्नुभएको थियो ।

# मालोर्काविरुद्ध रियलको गोल वर्षा

**एजेन्सी**
**म्याड्रिड, ७ असोज**

मालोर्काविरुद्ध गोल वर्षा गर्दै स्पेनिस महारथि रियल म्याड्रिड स्पेनिस ला लिगा फुटबलको शीर्षस्थानमा उक्लिएको छ । घरेलु मैदानमा बुधबार राति भएको खेलमा रियलले मालोर्कालाई ६-१ गोलले हरायो ।



रियलको जितमा विंगर मार्को असेन्सियोले ह्याट्रिक पूरा गर्नुभयो । कप्तान करिम बेन्जेमाले दुई गोल गर्नुभयो । दुई गोलसँगै बेन्जेमाले जारी लिगमा व्यक्तिगत आठ गोल पुऱ्याउनुभएको छ । एक गोल इस्कोले थप्नुभएको थियो । मलोर्काका काङ इन लिले सान्त्वना गोल फर्काउनुभएको थियो ।

रियलले खेलको तेस्रो मिनेटमै बेन्जेमाको गोलबाट अग्रता लिएको थियो । २४औं मिनेटमा मार्को असेन्सियाले गोल गर्दै रियलको अग्रता दोब्बर बनाउनुभयो । २५औं मिनेटमा काङ इन लिले गोल गर्दै पाहुना टोलीलाई खेलमा फर्काउने प्रयास गर्नुभयो ।

त्यसपछि २९औं मिनेटमा असेन्सियाले गोल गर्दै पहिलो हाफमा रियललाई थप बलियो बनाउनुभयो । दोस्रो हाफमा थप सशक्त देखिएको रियलले ५५औं मिनेटमा अर्को गोल थप्यो । असेन्सियोले करिम बेन्जेमाको पासमा ह्याट्रिक पूरा गर्नुभयो ।

७८औं मिनेटमा बेन्जेमाले व्यक्तिगत दोस्रो गोल गर्दै रियलको अग्रता फराकिलो बनाउनुभयो । ८४औं मिनेटमा इस्कोले भिनियिस जुनियरको पासमा गोल गरी रियललाई फराकिलो जित दिलाउनुभएको थियो । ६९ प्रतिशत बल पोसेसन राखेको रियलले खेलभर लगातार गोलको अवसर बनाएको थियो । ह्याट्रिक पूरा गरेका असेन्सियो 'म्यान अफ दी म्याच' बन्नुभयो ।

जितसँगै लिगमा अपराजित यात्रा जारी राखेको रियलले ६ खेलबाट १६ अंक बनाएको छ । रियल पुनः शीर्षस्थानमा उक्लिएको छ । दोस्रो स्थानमा रहेको एट्लेटिको म्याड्रिडको १४ अंक छ । रियलसँग पराजित मालोर्का आठ अंकसहित १०औं स्थानमा छ । तेस्रो स्थानमा रहेको सेभयाको ११ अंक छ ।

बुधबार राति नै भएको खेलमा सेभियाले भ्यालेन्सियालाई ३-१ गोलले हरायो । सेभियाको जितमा पपु गोमेजले तेस्रो र राफा मिरले २२औं मिनेटमा गोल गर्नुभएको थियो । सेभियाले अर्को गोल भ्यालेन्सियाबाट आत्मघाती उपहार पाएको थियो । भ्यालेन्सियाका लागि हुगो डुरोले ३१औं मिनेटमा सान्त्वना गोल गर्नुभएको थियो । हारपछि १० अंक बनाएको भ्यालेन्सिया चौथो स्थानमा छ । अन्य खेलमा स्पान्योलले अलाभेस र भिल्लारियलले इल्चेलाई ४-१ गोलले पराजित गरेको छ ।

# बागमतीले प्रशिक्षकलाई प्रशिक्षण दिने

**हिमालय टाइम्स**
**काठमाडौं, ७ असोज**

बागमती प्रदेश खेलकुद विकास परिषद्ले विभिन्न चार खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रमका लागि सहयोग गर्ने भएको छ । ब्याडमिन्टन, एथलेटिक्स, रग्बी र आईटीएफ तेक्वान्दोको प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्न परिषद्ले सहयोग गर्ने भएको हो ।



सो सम्बन्धी सम्झौतापत्रमा परिषद् र सम्बन्धित खेलका राष्ट्रिय संघबीच बुधबार हस्ताक्षर भयो । परिषद्का सदस्य-सचिव सूर्यलाल भण्डारी, ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, एथलेटिक्सका मुख्य प्रशिक्षक चन्द्र गुरुङ, रग्बी संघका अध्यक्ष टंकलाल घिसिङ र आईटीएफका अध्यक्ष अञ्जन धमलाले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

ब्याडमिन्टनको कात्तिक ५ देखि ६ गतेसम्म तथा एथलेटिक्सको असोज ९ देखि १३ गतेसम्म काठमाडौंमा प्रशिक्षण हुनेछ । चितवनमा असोज १९ र २० गते रग्बी तथा रामेछापमा असोज १६ र १७ गते प्रशिक्षण हुने भएको छ । चारै खेलको प्रशिक्षणका लागि परिषद्ले २० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

सदस्य-सचिव भण्डारीले दक्ष खेलाडी उत्पादन गर्न दक्ष जनशक्ति आवश्यक हुने भएकाले प्रशिक्षण कार्यक्रममा जोड दिइएको बताउँदै प्रतियोगिता र पूर्वाधारसँगै प्रशिक्षकको स्तरवृद्धिमा पनि उत्तिकै ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले आगामी दिनमा आवश्यकताअनुसार कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै राष्ट्रिय खेल संघलाई जिम्मेवार बनाउन संघसँग सहकार्य गरेर कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।